# सूचना र मानव अधिकार अनुसन्धान केन्द्र

## को विधान

२०६९

मिति … को निर्णय अनुसार विधान स्वीकृत गरिएको छ।

नेपालगन्ज–८, बाँके

# सुचना र मानवअधिकार अनुसन्धान केन्द्र

## को विधान

## २०६९

**प्रस्तावना :**

भौगोलिक विविधताले भरिपूर्ण विश्व मानवचित्रमा अवस्थित नेपालको आफ्नै खाले मौलिकता, पहिचान र विशेषता रहिआएको भएता पनि नेपाली समाजमा परम्परादेखि नै व्याप्त अन्धविश्वास, रुढीवादी, गरीबी, चेतनाको अभाव, शिक्षा स्वास्थ्यमा पहुँचको कमी, लैङ्गिक असमानता, जातिय विभेद, बालश्रम शोषणविरुद्ध आमूल परिवर्तन गरि जनताको मौलिक तथा कानूनी अधिकारहरुको संरक्षण तथा सम्बर्धन गर्दै सुचना र मानव अधिकारको रक्षा साक्षरता अभियान विकास कार्यमा सर्वसाधारणको संलग्नतामा रोजगारीको सृजना गरि शिक्षा स्वास्थ्य, महिला तथा बालवालिकाहरुको हित गरि वातावरणलाई संन्तुलित गर्न सुचनाको हक अधिकारको सरक्षण सर्म्वधन गर्न आवश्यक भएकोले **"सूचना र मानव अधिकार अनुसन्धान केन्द्र '** नामक गैरसरकारी संस्था २०६९ को स्थापना गरिएको छ ।

### परिच्छेद-१

**(१) संक्षिप्त नाम र प्रारम्भः**

(क) यस संस्थाको नाम **"सूचना र मानव अधिकार अनुसन्धान केन्द्र'** रहने छ ।

(ख) यसलाई अंग्रेजीमा (Information & Human Rights Reserch Center) र छोटकरीमा IHRC भनिने छ ।

(ग) यो विधान स्थानीय अधिकारीबाट स्वीकृत भएपछि लागू हुने छ ।

(घ) **संस्थाको कार्यालय रहने ठेगानाः–** यस संस्थाको कार्यलय नेपालगन्ज नगरपालिका वार्ड नं. ८ मा रहने छ ।

(ङ) यस संस्थाको कार्यक्षेत्र बाँके जिल्ला भर हुनेछ । आवश्यकता अनुसार स्थानीय अधिकारीको स्वीकृती लिई अन्य जिल्लामा समेत शाखा बिस्तार गर्न सकिने छ ।

**(२) परिभाषा : विषय वा प्रसगंले अर्को अर्थ नलागेमा यस विधानमा :-**

(क) विधान भन्नाले सूचना र मानव अधिकार अनुसन्धान केन्द्र को विधानलाई जनाउने छ ।

(ख) संस्था भन्नाले सूचना र मानव अधिकार अनुसन्धान केन्द्र लाई जनाउने छ ।

(ग) कार्यसमिति भन्नाले संस्थाको कार्यसमितिलाई जनाउने छ ।

(घ) साधारण सभा भन्नाले संस्थाको साधारण सभालाई जनाउने छ ।

(ङ) स्थानीय अधिकारी भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउने छ ।

(च) अधिवेसन भन्नाले संस्थाको अधिवेशनलाई जनाउनेछ ।

(३) **संस्थाको छाप र चिन्ह :**

(क) यस संस्थाको आफनो छुट्टै छाप हुनेछ । संस्थाको छापमा शान्तिको प्रतिक परेवा र सुचनाका लागि प्रयोग हुने कलम, अधिकारका निम्ति उठेको हात र एकता तथा समाबेशीको प्रतिक महिला र पुरुषको उठेको हात अकिंत २०६९ लेखेको अंग्रेजी र नेपालीमा संस्थाको नाम लेखेको लोगो यस संस्थाको रहनेछ ।

## परिच्छेद-२

(४) **उद्देश्य :**

**विधानको प्रस्तावना तथा प्रचलित कानूनको अधिनमा रहि संस्थाको निम्नानुसार उद्देश्य रहने छन् ।**

(क) नागरिक हक, उपभोक्ता, अधिकार तथा कर्तव्यको बारेमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।

(ख) मानवअधिकार, बालअधिकार, लैगिंक समानता, मधेशी, आदिबासी तथा जनजातीका नैसर्गिक अधिकारको रक्षा लोकतन्त्रको रक्षा तथा सम्बर्धनका बारेमा सचेतनामुलक कार्यक्रम सञ्चालन तथा स्थितीको निगराह्री, अधिकार उल्लंघनका घटनाको अनुसन्धान र सुचनाको प्रचार प्रसार गर्ने ।

(ग) स्वास्थ्य, शिक्षा, सुशासन, कानुन, सुचना, कृषि, भुमिमा आम नागरिकहरुको पहुच तथा अधिकारका लागि वकालत गर्ने ।

(घ) मधेशी, मुस्लिम, महिला, दलित, आदीबासी जनजाती, अपागं, बिपन्न, र सिमान्तकृत समुदायको मानवअधिकार र समाबेशी सयन्त्रको सहभागितामा जोड दिने ।

(ङ) नागरिकका सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक, आर्थिक, राजनितिक, अधिकारका बारेमा सुसुचित गरि जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।

(च) विभिन्न प्रकारका बिभेद, असमानता, दुव्यर्वहार, अपमान, हेला, बहिस्करणमा परेका सम्पुर्ण समुदायको हकअधिकार स्थापित गराउन पहल गर्ने ।

(छ) आमसञ्चार र मानवअधिकार क्षेत्रमा उल्लेख्य रुपमा गर्नुपर्ने अन्य अनुसन्धान लगायतका विषयमा विज्ञहरुको सहयोगमा अन्य काम गर्ने ।

(ज) सार्बजनिक सरोकारका बिषयहरुमा सम्बन्धित अड्डा अदालतमा कानुनी कारवाहीका लागि पहल तथा वकालत गर्ने ।

(झ) सञ्चार तथा मानवअधिकार क्षेत्रका सञ्चारविद् र अधिकारबिज्ञको राय सल्लाह लिई समाचार, लेख र फिल्ड रिपोर्टिङ तथा छापा, श्रव्य, दृश्य माध्यममार्फत आमनागरिक र नीति निर्मातालाई सचेत गराउने, सामुदायिक सञ्चार माध्यम रेडियो, टेलिभिजन र पत्र पत्रिका सञ्चालन गर्ने ।

(ञ) संस्थाको आफ्नै वेभसाईट तथा अनलाईन पत्रिका सञ्चालन गर्ने ।

(ट) उपरोक्तानुसारको उद्देश्य कार्यान्वयन गर्ने क्रममा रेडियो, टेलिभिजन र पत्रिका सञ्चालन गर्दा सम्बन्धित मन्त्रालय वा सो अर्न्तगतका निकायबाट स्वीकृति लिई गरिने छ ।

(ठ) यो संस्था जनहितकारी, र मुनाफारहित हुनेछ।

(५) **संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु :-**

**यस संस्थाको उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्नेछ ।**

(क) संस्थाले परिचलित नेपालका कानुन बमोजिम सम्बन्धित निकायबाट अनुमती वा इजाजत प्राप्त गरि मात्र उपरोक्त उद्देश्य कार्यान्वयन गर्ने छ ।

(ख) संस्थालाई आवश्यक पर्ने भवन निमार्ण वा भाडामा वा लिजमा लिने छ र कम्प्युटर, टेलिफोन, फोटोकपी, फ्याक्स, फर्निचर, जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्न सकिने छ, वा भाडामा लिई प्रयोग गरिने छ ।

(ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्ति गर्ने तथा तिनको सेवा सुविधाका सर्तहरु निर्धारण गर्ने छ ।

(घ) संस्थामा प्राप्त रकम बैंकमा जम्मा गरि बैंक खाता सञ्चालन गर्ने छ ।

## परिच्छेद ३

**(६) सदस्यताको वर्गिकरण :-**

(क) साधारण सदस्य

(ख) संस्थापक सदस्य

(ग) मानार्थ सदस्य

**(७) सदस्यता प्राप्तीको लागि आवश्यक योग्यता:-**

**यस संस्थाको उद्देश्य प्रति समर्पित देहायका नेपाली नागरकि संस्थाको सदस्यताको लागि योग्य मानिनेछ ।**

**१. साधारण सदस्य:**

(क) १६ बर्ष उमेर पुरा भएको ।

(ख) मानव अधिकार र सुचनाको बिषयमा जानकार भएको व्यक्ति हुनुपर्ने ।

(ग) नेपाली नागरिक भएको हुनुपर्ने ।

**२. संस्थापक सदस्य:**

(क) यस संस्थाका तदर्थ कार्यसमितिलाई यस संस्थाको संस्थापक सदस्य मानिने छ ।

(ख) विधानमा हस्ताक्षर गर्ने सदस्यहरु संस्थापक सदस्य रहने छन् ।

**३. मानार्थ सदस्य**

(क) यस संस्थालाई विशिष्ट सहयोग पुरयाउने देश तथा बिदेशका संस्था तथा व्यक्तिहरुलाई मनार्थ सदस्यता प्रदान गरिने छ ।

*(ख)*

**(८) संस्थाको सदस्य नियुक्ति हुन वा बहाल रहन नसक्ने अवस्था :**

**देहायका कुनै व्यक्ति संस्थाको सदस्य पदमा नियुक्ति हुन सक्ने छैन ।**

(क) १६ बर्ष उमेर नपुगेको ।

(ख) गैर नेपाली नागरीक ।

(ग) मगज विग्रेको होश ठेगानामा नभएको वा बौलाउको व्यक्ति ।

(घ) नैतिक पतन देखिने फौजदारी अभियोग लागि अदालतवाट प्रमाणित भएको ।

(ङ) अन्य प्रचलित कानूनले अयोग्य ठहऱ्याएमा ।

(९) **सदस्यता शुल्कः-**

संस्थाको साधारण सदस्यहरुको सदस्यता शुल्क बार्षिक रु १००। हुनेछ ।

(क) साधारण सदस्य र मनार्थ सदस्यता प्राप्त गर्नका लागि सामाजिक क्षेत्रमा कम्तीमा १ बर्ष अनुभव वा सुचना र मानवअधिकारका क्षेत्रमा विशेष ज्ञान प्राप्त गरेको वा सामाजिक सेवा गरेको वा समाजिक मर्यादा पाएको व्यक्ति वा संस्था हुनु पर्नेछ । तर संस्थापक सदस्यको सम्वन्धमा यो उपनियम मान्य हुने छैन ।

(ख) यस संस्थाको सदस्यता दिने वा नदिने तथा सदस्यता शुल्क सम्वन्धी सम्पुर्ण अधिकार कार्यकारिणी समितिमा निहित रहने छ ।

(ग) सदस्यता नविकरण नगर्ने सदस्यहरुको सदस्यता स्वतः समाप्त हुनेछ । तर कार्यसमितिमा निवेदन दिई तोकेको जरिवाना बुझाई सदस्यता नविकरण गर्न सकिने छ ।

(१०) **सदस्यता समाप्तीः-**

**देहाय अवस्थामा यस संस्थाको सदस्यता समाप्त हुनेछ ।**

(क) संस्थाको उद्देश्य विपरित कार्य गरेमा ।

(ख) संस्थाको पदीय दायित्व पूरा नगरेमा वा संस्थाको हित विपरीत कार्य गरेमा ।

(ग) संस्थाको नाममा कुनै व्यक्तिगत, आर्थिक लाभ प्राप्त गरेमा ।

(घ) निजले दिएको राजिनामा कार्यकारिणी समितिले स्वीकृत गरेमा ।

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोग लागि अदालतवाट दोषी प्रामाणित भएमा ।

(च) संस्थाको इज्जतमा आँच आउने कार्य गरेमा ।

(छ) संस्थाको सम्पतिको आर्थिक अनियमियता गरेमा ।

(ज) सदस्यता नविकरण नगरेमा ।

(झ) निजको मृत्यु भएमा ।

## परिच्छेद ४

(११) **साधारण सभा तथा बैठक सम्बन्धी व्यवस्थाः-**

**संस्थाको सभा बोलाउने तरिका र सभाका लागि दिनुपर्ने सुचना सम्बन्धी कुराहरुः**

(१) यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ :
(क) बार्षिक साधारण सभा र (ख) बिशेष साधारण सभा

(२) यस संस्थाको प्रथम बार्षिक साधारण सभा संस्थापन भएको आर्थिक बर्ष समाप्त भएको मितिले दुई महिनाभित्रमा गरिनेछ र त्यसपछिका बार्षिक साधारण सभाहरु आर्थिक बर्ष समाप्त भएको मितिले दुई महिनाभित्र गरिनेछ ।

(३) यस संस्थाको बार्षिक साधारण सभा गर्नका लागि कम्तीमा १५ दिन अगावै र बिशेष साधारण सभा गर्नका लागि कम्तीमा ७ दिन अगावै सभा हुने ठाउँ, मिति र छलफल गर्ने बिषय खोली सबै साधारण सदस्यलाई सुचना दिइने छ ।

(४) उपनियम (३) बमोजिम बोलाइएको साधारण सभामा नियम १४ बमोजिमको गणपुरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ दिनको म्याद दिई पुनः साधारण सभा बोलाइनेछ ।

१२. **कार्यसमिति :**

(क) संस्थाको दैनिक कार्य संचालनको लागि साधारणसभाबाट साधारणसभाका मताधिकारयुक्त सदस्यहरुबाट निर्वाचित देहाय बमोजिमको षदाधिकारिहरु रहने ९ सदस्यीय एक कार्यकारिणी समिति गठन गरिनेछ - कार्यसमितिका पदाधिकारी निर्वाचित गर्दा सामाजिक हिसाबले समावेशी हुनुपर्नेछ ।

क) अध्यक्ष - १
ख) उपाध्यक्ष - १
ग) महासचिव - १
घ) सचिव - १
ङ) कोषाध्यक्ष - १
च) सदस्यहरु - ४

(ख) यस संस्थामा ९ जनाको कार्य समिति हुने छ ।

(ग) कार्यसमितिको कार्यकाल २ बर्ष हुनेछ ।

(घ) बार्षिक साधारणसभा हुनुभन्दा अगावै कुनै कार्यसमितिमा रहेको सदस्यको पद रिक्त हुन आएमा बाकी अवधिका लागि कार्यसमितिका सदस्यको नियुक्ती कार्यसमितिद्धारा गर्न सकिनेछ । कुनै सदस्यको पद विचमा रिक्त भई नियुक्त भएको सो सदस्य बाँकी कार्यकालसम्मका लागि मात्र हुनेछ ।

(ङ) कार्यसमितिको बैठक आवश्यकतानुसार कार्यसमितिको अध्यक्षले बोलाउनेछ । जम्मा सदस्य संख्याको ५१ प्रतिशत सदस्यले माग गरेमा अध्यक्षले कार्यसमितिको बैठक बोलाउनुपर्नेछ ।

(च) कार्यसमितिको बैठकमा सदस्य स्वयंम् उपस्थित हुनुपर्नेछ ।

(छ) सदस्यहरुको जम्मा संख्याको कम्तीमा ५१ प्रतिशत सदस्यहरु उपस्थित नभई कार्यसमितिको बैठक हुनै छैन ।

(ज) कार्य समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितीमा बैठकको अध्यक्षता उपाध्यक्षले गर्नेछ ।

(झ) कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सकिनेछ ।

(ञ) कार्य समितिको बैठकमा छलफल भएको बिषय र तत्सम्बन्ध भएको निर्णयको विवरण (माइन्युट) छुट्टै कितावमा लेखी राख्नुपर्नेछ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पुर्ण सदस्यहरुको कम्तीमा ५१ प्रतिशतले सही गर्नुपर्नेछ ।

(ट) माथिका उपनियमहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कार्य समितिले गर्न पाउने कुनै कामको सम्बन्धमा कार्यसमितिका सबै सदस्यहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिको निर्णय पुस्तिकामा सलग्न गरि त्यस्तो काम बैठक विना पनि गर्न सकिने छ ।

(ठ) संस्थाले गर्ने भनिएको सम्पुर्ण कार्य कार्यसमितिको निर्णयबाट हुनेछ ।

## परिच्छेद ५

१३. **पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :**

(क) **अध्यक्ष :**

(क) यस संस्थाको प्रमुखको रुपमा रही संस्थालाई नेतृत्व प्रदान गर्ने ।

(ख) साधारणसभा र कार्यसमितिको बैठक बोलाउने वा बोलाउन लगाउने र बैठकको अध्यक्षता गर्ने ।

(ग) संस्थाकोतर्फबाट विभिन्न बैठक तथा गोष्ठीहरुमा प्रतिनिधित्व गर्ने वा अरु पदाधिकारीहरुलाई प्रतिनिधी बनाएर पठाउने ।

(घ) संस्थाको सम्पुर्ण चल अचल सम्पत्तिको संरक्षण र नियन्त्रण गर्ने ।

(ङ) बैठक नबसेको वा बस्न नसकेको अबस्थामा पछि कार्यसमितिबाट अनुमोदन गराउने गरी आबश्यक निर्णयहरु गर्ने ।

(च) कुनै पनि कार्यमा मतदान हुँदा मत बराबर भएमा निर्णायक मत दिने ।

(छ) आफ्नो अनुपस्थितिमा बैठकको अध्यक्षता गर्न कार्य समितिका अन्य सदस्यहरुलाई तोक्ने ।

(ज) पदाधिकारी एबं कर्मचारीहरुको कामको बाँडफाँड गर्ने ।

(झ) संस्थाको हितको निम्ति अन्य सबै कार्यहरु गर्ने ।

**२.उपाध्यक्ष**

(क) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।

(ख) अध्यक्षलाई सहयोग गर्ने ।

(ग) अध्यक्षको अनुपस्थितिमा नीजले दिएको काम गर्ने ।

(घ) अध्यक्षले दिएको अन्य सम्पुर्ण जिम्मेवारी पुरा गर्ने ।

**३) महासचिव**

(क) अध्यक्षको निर्देशन अनुसार कार्य समिति र साधारणसभाको बैठक बोलाउने ।

(ख) कार्यालयको दैनिक कार्य संचालन गर्ने र कर्मचारीहरुको कामको रेखदेख र निर्णय गर्ने ।

(ग) प्रत्येक वर्षको वार्षिक प्रतिबेदन र आगामी वर्षको कार्यक्रम तयार गरी साधारणसभामा पेश गर्ने

(घ) विभिन्न संघसंस्थाहरुसंग समन्वय गरी सुमधुर सम्बन्ध कायम गर्ने ।

(ङ) कार्य समितिमा गरिएका निर्णयहरुलाई सुरक्षित राख्ने र कार्यान्वयन गर्ने ।

(च) संस्थाको हितका लागि अन्य कार्यहरु गर्ने ।

**४) सचिव**

(क) महासचिवको दैनिक कार्यमा सहयोग गर्ने ।

(ख) महासचिवको अनुपस्थितिमा निजले गर्ने सम्पूर्ण कार्यको जिम्मा लिने ।

(ग) अध्यक्षले दिएको अन्य जिम्मेवारी पुरा गर्ने ।

**५) कोषाध्यक्ष**

(क) आर्थिक कारोबार सम्बन्धी सम्पुर्ण जिम्मेवारी लिने ।

(ख) संस्थाको हिसाब किताब बैज्ञानिक एबं सुव्यावस्थित ढगले राख्ने ।

(ग) आर्थिक आय व्यय विवरण प्रतिबेदन तयार पारी बार्षिक बजेट बनाउने र साधारणसभामा प्रस्तुत गर्ने ।

(घ) नेपालको कुनै पनि बैंकमा संस्थाको नाममा कोष खडा गर्न खाता खोल्ने ।

(ङ) कार्य समितिले तोकेको अन्य सबै कार्यहरु गर्ने ।

**६. सदस्य**

(क) कार्य समितिले तोकेको कार्यहरु गर्ने ।

(ख) कार्य समितिको बैठकमा भाग लिई सकृय भूमिका निभाउने ।

(ग) कार्य समितिबाट भएका निर्णयहरुलाई कार्यान्वयन गर्ने गराउने ।

(घ) कार्य समितिका अन्य पदाधिकारीहरुलाई बिभिन्न कार्यक्रमहरुमा सकृय सहयोग पुर्‍याउने ।

(ङ) संस्थाको हितको निम्ति अन्य सम्पूर्ण कार्यहरु गर्ने ।

१४. गणपुरक संख्याः

कुल सदस्य संख्याको ६० प्रतिशतको प्रतिनिधित्व हुने गरि साधारण सदस्यहरु उपस्थित नभई साधारण सभाको काम कारवाही हुने छैन । तर विधानको दफा ११ को उपदफा (४) मा उल्लेख भए बमोजिम पुनः बोलाइएको साधारणसभामा कुल संस्थापक संख्याको ५१ प्रतिशत प्रतिनिधित्व हुने गरि उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

१५. संस्थाको कोष :–

(१) **संस्थाको आफनो एउटा छुट्टै कोष हुनेछ, र सो कोषमा देहाय बमोजिम प्राप्त रकमहरु रहने छन ।**

(क) सदस्यता शुल्क वापत प्राप्त रकम ।

(ख) कसैले स्वेच्छाले दिएको अनुदान रकम ।

(ग) निजी वा संस्थागत, राष्ट्रिय तथा अन्तराष्ट्रिय अनुदान ,

(घ) आय आर्जन कार्यक्रमबाट उठेको रकम ,

(ङ) संस्थाको विभिन्न उप समितिहरुबाट आयको रकम ,

(च) संस्थाको नाममा प्राप्त जुनसुकै नगद वा जिन्सी सामान ।

(छ) विदेशी संघसंस्थाबाट अनुदान रकम लिने भए संस्थाले समाज कल्याण परिषदबाट स्वीकृत लिनेछ ।

१६. खाता सञ्चालनः संस्थाको अध्यक्ष र कोषाध्यक्षको सयुक्त दस्तखतबाट खाता संचालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था मिलाउनुपर्ने व्यवस्था गरिने छ ।

१७. संस्थाको लेखा र लेखा परिक्षणः

(१) संस्थाको आय व्ययको लेख प्रचलित कानुन बमोजिम राखिनेछ ।

(२) संस्थाको लेखा परिक्षण प्रचलित कानुन बमोजिम रजिस्टर्ड लेखा परिक्षकबाट हुनेछ ।

(३) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखत पनि संस्थाको हिसाब किताव जाँच्न वा जँचाउन सक्ने छ ।

(४) लेखा परिक्षकको नियुक्ती साधारण सभाबाट हुनेछ । तर प्रथम साधारण सभा नभएसम्म लेखा परिक्षकको नियुक्ती कार्य समितिबाट हुनेछ ।

## परिच्छेद–६

१८. निर्बाचन सम्बन्धी व्यवस्थाः–

**कार्य समितिका पदाधिकारीहरुको निर्बाचन सम्बन्धी व्यबस्था देहाय बमोजिमको हुनेछ ।**

(क) सबै स्तरको निर्बाचन गोप्य मतदान वा सहमतीद्धारा हुनेछ ।

(ख) कार्यसमितिको निर्बाचन प्रत्येक २।२ बर्षमा हुनेछ ।

(ग) निर्वाचन अधिकृतको चयन कार्यसमितिले गर्नेछ र निर्वाचन सम्बन्धी अन्तिम निर्णय दिने अधिकार निर्बाचन अधिकृतलाई हुनेछ ।

(घ) संस्था दर्ता भएको ६ महीनाभित्रमा बिधान बमोजिम कार्य समिमितको पहिलो निर्वाचन गराई सोको जानकारी स्थानिय अधिकारी समक्ष पेश गरिनेछ ।

**१९ उम्मेदवार हुने योग्यता:**

**कार्यकारिणी समितिको उमेद्‌वार हुन देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ -**

(क) १६ बर्ष उमेर पुरा भएको ।

(ख) संस्थापक सदस्य वा २ बर्ष अवधिभर संस्थामा साधारण सदस्य भई काम गरेको ।

**२० अविश्वासको प्रस्ताव:**

क) कार्यसमितिका कुनै पनि पदाधिकारीले संस्थाको बिधान अनुसार काम नगरेमा, संस्थाको उद्देश्य विपरीत कृयाकलापमा संलग्न भएमा संस्थाका ३३ प्रतिशत सदस्यहरुले आवश्यक प्रस्ताव दर्ता भएको ३० दिन भित्र अध्यक्षले साधारणसभा बोलाउनु पर्नेछ ।

ख) अविश्वासको अभियोग लागेका पदाधिकारी वा सदस्यलाई आफ्नो स्पष्टीकरण पेश गर्ने मौका दिईनेछ र निजलाई मत दिने अधिकार पनि रहनेछ । त्यस्तो प्रस्ताव दुई तिहाई सदस्यहरुको बहुमतबाट पारीत गर्नुपर्नेछ ।

**२१. बिधान सशोधन:–**

संस्थाको साधारण सभाबाट आवश्यक कानुन बमोजिम मात्र संस्थाको कुनै दफा सशोंधन वा खारेजका लागि स्थानीय अधिकारी समक्ष सिफारिस गरि पठाउनु पर्नेछ । स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात मात्र संस्थाको कुनै दफा सशोंधन वा खारेज भएको मानिने छ ।

**२२. विनियम बनाउन सक्ने:–**

संस्थाले आफनो कार्यसम्पादन गर्ने सन्दर्भमा आवश्यक निति, विनियम तथा आचार सहिंता बनाउन सक्नेछ र सो को जानकारी स्थानीय अधिकारीलाई दिनुपर्नेछ ।

**२३. तदर्थ समिति:–**

यो संस्था स्थापना गरि दर्ता गराउनेको लागि गठित तदर्थ समितिले ६ महिनाभित्र विधान अनुसारको निर्वाचन कार्य गर्नका लागि समितिको गठन गर्नु पर्नेछ । सो अवधीमा कार्य समितिले गरेका कामहरु यसै विधान अनुसार भएको मानिने छ ।

**२४. संस्था खारेजी:–**

(१) साधारणसभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरि संस्था खारेज गर्न सक्नेछ ।

(२) उपनियम १० बमोजिम खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एक भन्दा बढी लिक्विडेटरहरु र संस्थाको हिसाब किताव जाँच गर्नका लागि एक वा एक भन्दा बढी लेखा परिक्षकहरु नियुक्त गर्न सक्नेछन् । लिक्विडेटर र लेखापरिक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

(३) उपनियम (२) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरिक्षकले संस्था खारेजी सम्बन्धी काम कारवाही गर्नेछन । कुनै पनि कारणबस संस्था खारेज भएमा सोको सम्पुर्ण जायजेथा नेपाल सरकारको हुनेछ ।

**२५. ऐन अनुसार हुने:–**

(१) यस विधानमा उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ र संस्था दर्ता ऐन, नियम र प्रचलित कानूनसँग बाझिन गएका कुराहरु स्वत: निश्क्रिय हुनेछन ।

(२) जिल्ला प्रशासन कार्यालयबाट समय समयमा दिइने आदेश निर्देशन पालना गरिनेछ

**२६. गोप्यता भंग गर्न नहुने:–**

यस संस्थाका कुनैपनि पदाधिकारी वा सदस्यले संस्थाको अहित हुने कार्य गर्नु हुदैन । कार्य समितिका पदाधिकारी वा साधारणसभाका सदस्यहरुले बैठक वा साधारणसभामा असभ्य र अश्लिल शब्दको प्रयोग गर्न पाईने छैन । कार्यसमितिका पदाधिकारी वा साधारणसभाका सदस्यहरुले बैठक वा साधारणसभामा बोलिएका कुराहरुलाई कार्यसमितिको निर्णय विना सार्वजनिक गरिने छैन ।

**२७. सल्लाहकार सदस्य र समितिको व्यवस्था :**

कार्यकारिणी समिति वा तदर्थ समितिले आफ्नो कार्य संचालन गर्नको लागि आवश्यक ठानेमा विभिन्न क्षेत्रका लब्धप्रतिष्ठित तथा विशेषज्ञ, राष्ट्रिय/अन्तराष्ट्रिय व्यक्तिहरु सदस्य भएको सल्लाहकार समिति गठन गर्न सक्नेछ ।

**२८. हामी** सूचना र मानव अधिकार अनुसन्धान केन्द्र **का निम्न संस्थापकहरु यस विधान बमोजिम कार्य गर्न मन्जुर भई निम्न साक्षीहरुको रोहवरमा विधानमा सही छाप गरेका छौं ।**

संस्थापकको नाम, थर ठेगाना–

| क्र.सं. | नाम, थर | ठेगाना | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | विश्वजीत तिवारी | नेपालगन्ज–८, बाँके | अध्यक्ष | |
| २ | सुदिप भटराई | नेपालगन्ज–३, बाँके | उपाध्यक्ष | |
| | | | | |
| ३ | सूर्यलाल यादव | कम्दी ८, बाँके | महासचिव | |
| ४ | राकेश कुमार मिश्र | कम्दी १, बाँके | कोषाध्यक्ष | |
| ५ | विनय दिक्षित | मटैहिया–५, बाँके | सचिव | |
| ६ | [illegible] | [illegible] | सदस्य | |

| | | | | |
|---|---|---|---|---|
| ७ | पवन जायसवाल | बसुदेवपुर–४, बाँके | सदस्य | |
| ८ | सपना भट्टराई | नेपालगन्ज–१७, बाँके | सदस्य | |
| ९ | लक्ष्मी तिवारी | नेपालगन्ज–८, बाँके | सदस्य | |

साक्षीहरुको नाम, थर, ठेगाना

| क्र.सं. | नाम, थर | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|
| १ | पन्नालाल गुप्त | नेपालगन्ज–१०, बाँके | |
| २ | प्रहलादबहादुर कार्की | नेपालगन्ज–१३, बाँके | |
| ३ | मोहना अन्सारी | नेपालगन्ज–१०, बाँके | |

## अनुसूचि –१

### संस्थाको छाप र प्रतीक चिन्हको विवरण

यस संस्थाको आफनो छुट्टै छाप हुनेछ । संस्थाको छापमा शान्तिको प्रतिक परेवा र सुचनाका लागि प्रयोग हुने कलम, अधिकारका निम्ति उठेको हात र एकता तथा समाबेशीको प्रतिक महिला र पुरुषको उठेको हात अकिंत २०६९ लेखेको अंग्रेजी र नेपालीमा संस्थाको नाम लेखेको लोगो यस संस्थाको रहनेछ ।

संस्थाको छाप देहाय बमोजिम हुनेछ -

